म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १७ बिहीबार ३१ साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 15 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा ६४ जनामा डेंगु संक्रमण

हेटौंडा, ३० साउन/मकवानपुरमा जिल्लाका ६४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा थप ८ जनामा डेंगु संक्रमण पुष्टि भएसँगै मकवानपुरमा कूल संक्रमित संख्या ६४ पुगेको हो । तथ्यांक साउन १ गतेदेखि साउन ३० गते बुधबार दिउँसोसम्मको रहेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । जनस्वास्थ्य कार्यालयका अनुसार, डेंगु संक्रमण पुष्टि हुनेमा ३७ जना महिला र २७ जना पुरुष रहेका छन् । यो अवधिमा हेटौंडा उपमहानगरमा १६ पुरुष र ३१ महिला गरी ४७ जना, मकवानपुरगढी गाउँपालिकामा २ पुरुष र २ महिला गरी ४ जना, बागमती गाउँपालिकामा एक जना पुरुष, कैलाश गाउँपालिकामा एक पुरुष, मनहरी गाउँपालिकामा पाँच जना पुरुष, बकैया गाउँपालिकामा दुई पुरुष र एक महिला गरी ३ जना, भीमफेदी गाउँपालिकामा एक जना महिला, ठेगाना नखुलेको एक महिला र अन्य जिल्लाका एक महिलामा डेंगु संक्रमण पुष्टि भएको हो । मकवानपुरमा यो अवधिमा डेंगु संक्रमणका कारण कुनै पनि व्यक्तिको निधन नभएको जिल्ला स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

# आन्दोलनरत् व्यवसायीसँग वार्ता राखेपछि विशेष नगरसभाको माग

भानुभक्त आचार्य

हेटौंडा, ३० साउन/ हेटौंडा उपमहानगरपालिकाले करको दरवृद्धि गरेको विषयमा व्यावसायिक संघसंस्थाहरु आन्दोलनमा छन् ।

आन्दोलनरत् व्यवसायीले करवृद्धिको निर्णय फिर्ता लिनुपर्ने माग अघि सारेका छन् । यसै सन्दर्भमा हेटौंडा उपमहानगरपालिकाले बुधवार पत्र काटेर आन्दोलनको नेतृत्व गरिरहेको मकवानपुर उद्योग वाणिज्य संघलाई वार्तामा आउन आग्रह गरेको छ । यता, हेटौंडा उपमहानगरपालिकाको नगरसभामा बहुमत रहेको नेकपा एमालेका बहुमत सदस्यले विशेष नगरसभा बोलाउन माग गरेका छन् ।



उपमहानगरपालिकाले व्यवसायीलाई वार्तामा बोलाएर समस्या समाधानको पहल लिँदा बहुमत सदस्यले कानुनी व्यवस्थालाई टेकेर विशेष नगरसभा बोलाउन माग गर्दा थप अन्यौलता देखिएको छ । आन्दोलनमा रहेका व्यवसायीलाई ३२ साउन बिहान ८ बजे वार्तामा उपस्थित हुन उपमहानगरपालिकाले बुधवार मात्रै पत्र काटेको छ । उपमहानगरपालिकाले मउवा संघबाट ५ जना प्रतिनिधि उपस्थित हुन आग्रह गरेको छ । तर, उपमहानगरपालिका वार्ता कि विशेष नगरसभा भन्नेमा अन्यौलमा परेको हो ।

उपमहानगरका प्रवक्ता सविन न्यौपानेले व्यवसायीलाई वार्तामा बोलाइसकेपछि एमालेका सदस्यहरुले विशेष नगरसभा माग गरेकाले थप अन्यौलता भएको बताए । 'विशेष नगरसभा बोलाउन कानुनी रुपले पाइन्छ । तर, समस्या समाधानका लागि वार्ता गर्न लागेको अवस्थामा विशेष नगरसभा माग भएकाले अब कसरी जाने भन्ने अन्यौल भएको छ,' उनले भने । प्रवक्ता न्यौपानेले एउटा नगरसभा सञ्चालन गर्दा २० लाख रुपैयाँ खर्च आउने भन्दै यसलाई वार्ताबाटै समाधान गर्नु उपयुक्त माध्यम रहेको बताए ।

नेकपा एमालेबाट निर्वाचित ९ जना वडाअध्यक्ष, ८ जना कार्यपालिका सदस्य र ३१ जना नगर सभासदस्य गरी ४८ जना (बहुमत) नगरसभा सदस्यले नगरप्रमुख मीनाकुमारी लामासँग विशेष नगर सभा बोलाउन बुधवार माग गरेका हुन् । हेटौंडा उपमहानगरका कुल ९४ जना नगरसभा सदस्यमध्ये एमालेकै ५४ जना छन् । जसमध्ये ४८ जनाले विशेष नगरसभा बोलाउने सम्बन्धीको मागपत्रमा हस्ताक्षर गरेका छन् ।

नगरप्रमुख लामा भने काठमाडौंमा छिन् । एमालेका नगर सभासदस्यले प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतममार्फत् लामा समक्ष विशेष नगरसभा बोलाउन माग गरेका हुन् । २०७४ यता हेटौंडामा पहिलोपटक विशेष नगरसभा बोलाउन माग भएको छ । नेपालको संविधानको धारा २२२ देखि २२७, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ को उपदफा ३, बागमती प्रदेशको गाउँ, नगर, जिल्लासभा सञ्चालन (कार्यविधि) ऐन २०७५ को दफा ३ उपदफा ३ र दफा २३ को (ग), (घ), (ञ) र (ट) तथा उपमहानगरको नगरसभा सञ्चालन कार्यविधि २०७४ को दफा ३ बमोजिम विशेष नगरसभा बैठक बोलाउन माग गरिएको पत्रमा उल्लेख छ ।

करवृद्धिको विरोधमा विगत १० दिनदेखि मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, जिल्ला सहकारी संघलगायतका दुई दर्जन विषयगत व्यावसायिक संघसंस्था चरणबद्ध आन्दोलनमा छन् । बुधबार बिहान मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा व्यवसायीले उपमहानगरपालिका कार्यालयमा धर्ना दिएका थिए ।

हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलले अस्वभाविक कर वृद्धि गरिएकोले नगरबासीमा असन्तुष्टि देखापरेको विषयलाई सम्बोधन गर्न आर्थिक ऐनमा व्यवस्था भएको करको दर र दस्तुर संशोधनका लागि विशेष नगरसभा आव्हानको माग गरिएको बताए । उनका अनुसार नगरप्रमुख लामाले १५ दिनभित्र विशेष नगरसभा बोलाउनुपर्ने कानुनी व्यवस्था छ ।

उनले असारको पहिलो हप्तामा भएको १५ औं नगरसभामा करवृद्धिसम्बन्धी प्रस्ताव छलफलमै नल्याई गुपचुपमा पास गराइएको दाबी गरे । करको दर हेरफेर जस्तो संवेदनशील विषयमाथि सरोकारवाला निकायसँग आवश्यक छलफल र नगरसभामा प्रस्ताव नल्याई पास गरिनुले नेतृत्वको गैरजिम्मेवारी र लाचारीपन भएको आरोप लगाए । 'नगरसभाबाट पास हुने विषयमा ध्यान नदिनु हाम्रो पनि कमजोरी हो । कर वृद्धिसम्बन्धी डकुमेन्ट नगरसभामा बाँडिएको छैन । तर, घटनाक्रमले मुद्दा उठान भएपछि हामीले पहलकदमी लिनुपर्छ भनेर विशेष नगरसभा बोलाउन माग गरिएको हो,' सिग्देलले भने, 'यस विषयमा छलफल गर्न खोज्दा मेयर र उपमेयर सम्पर्कमै आएका छैनन् ।'

उपप्रमुख बानियाँ संयोजक रहने राजश्व परामर्श समितिमा एमालेकै तीनजना वडाअध्यक्ष दीपक खड्का, सुनिल मोक्तान र जुना दाहाल सदस्य छन् । तीनजना वडाध्यक्षले राजश्व परामर्श समितिको बैठकमा करको दायरा बढाउने विषयमा मात्रै छलफल भएको तर, नगरसभाबाट अस्वभाविक रुपमा करवृद्धि गरिएको बताए । उपप्रमुख बानियाँले करवृद्धिको निर्णयको विषयमा आफूलाई कुनै जानकारी नभएको प्रतिक्रिया दिएको उनको भनाई छ ।

७ असारमा भएको उपमहानगरको १५ औं नगरसभाबाट राजश्व दरमा वृद्धि गर्ने निर्णय भएको थियो । उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ को लागि वहालकरदेखि व्यवसायकरमा २० देखि १५० प्रतिशतसम्म राजश्व वृद्धि गरेको हो । व्यवसायीले बिहीबार पनि हेटौंडा उपमहानगरपालिकामा धर्ना दिने र नगर सरकार खोज्दै मैनबत्ती जुलुस गर्ने कार्यक्रम तय गरेका छन् ।

# श्रीमतीको हत्या आरोपमा २६ वर्षीय युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ श्रीमतीको हत्या गरेको आरोपमा एक युवक (श्रीमान) पक्राउ परेका छन् । पक्राउ पर्नेमा मकवानपुर कैलाश गाउँपालिका-५ कालीखोलास्थित काफलडाँडा बस्ने २६ वर्षीय मंगलबहादुर पाखिन रहेका छन् ।

२८ गते साँझको समयमा पाखिनले आफ्नै श्रीमती २० वर्षीया लक्ष्मी पाखिनको हत्या गरी कालीखोलास्थित सामुदायिक बनमा गाडेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीको अनुसार श्रीमती लक्ष्मी पाखिनलाई आफ्नै घरभित्र धारिलो हतियार बन्चरो प्रहार गरी शवलाई ११ वटा टुक्रा पारी दुईवटा बोरामा हालेर कालीखोलास्थित सामुदायिक वनमा खाल्डो खनी गाडेको श्रीमतीका कपडाहरु लास गाडेको स्थान भन्दा केही अगाडि बोरामा हाली खाल्डो खनी गाडेको अवस्थामा फेला परेको हो ।

घटनामा प्रयोग भएको धारिलो हतियार बन्चरोको बिड फुकाली घर भन्दा पूर्वतर्फ खाल्डो खनी गाडेको भनि प्रारम्भिक अनुसन्धानमा खुल्न आएको प्रहरीले जनाएको छ । मृतकको गाडेको शव, घटनामा प्रयोग भएको हतियार बन्चरो र कपडाहरु समेत खाल्डोबाट निकाली पाखिनलाई पक्राउ गरिएको मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिएका छन् । पक्राउ परेका उनीमाथि मकवानपुर जिल्ला अदालत हेटौंडाबाट १० दिनको म्याद अनुमति लिई थप अनुसन्धान कार्य भईरहेको छ ।




# बागमती प्रदेशप्रमुख देवकोटालाई गृहनगरमा सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटालाई गृहनगर धनगढीमा स्वागत तथा सम्मान गरिएको छ । धनगढीस्थित नवजीवन सहकारी संस्थाले उनलाई आफ्नो कार्यालयमा सम्मान गरेको हो ।

सहकारी संस्थाको संस्थापक सदस्य प्रदेशप्रमुख जस्तो गरिमामय पदमा नियुक्त भएको भन्दै सम्मान गरिएको संस्थाका अध्यक्ष देवबहादुर बमले बताएका छन् । सम्मान कार्यक्रम प्रदेशप्रमुख देवकोटाले संस्था स्थापना गर्दा गरेको भूमिकाबारे चर्चा गरेका थिए । निकै मेहनतका साथ स्थापना गरेको संस्था देशकै नमूना सहकारी संस्थाको रुपमा नाम सुन्दा आफूलाई गौरव लाग्ने गरेको बताए ।

प्रदेशप्रमुख देवकोटालाई स्वागत गर्दै संस्थाका अध्यक्ष बमले संस्थाको आगामी कार्ययोजना सुनाएका थिए । सो अवसरमा संस्थाका सल्लाहकार खेमराज पाण्डे, संस्थाका उपाध्यक्ष चेतराज ओझाले शुभकामना मन्तव्य राखेका थिए । महाप्रबन्धक डम्मर गुरुङले संस्थाको अवस्था जानकारी गराएका थिए ।

## ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०%
बैंकिङ सुविधा

सम्पर्कः
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर



☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**



☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# जनप्रतिनिधिको हतारको निर्णय

हेटौंडा उपमहानगरपालिकाले करको दरवृद्धि गरेको विषयमा व्यावसायिक संघसंस्थाले गरेको आन्दोलनलाई राजनीतिक रंग दिने खेल सुरु भएको छ । नगर परिषद्ले करको दर हेरफेर गर्न सक्छ । गरेको पनि हो । तर, नगरपरिषद्ले पारित गरेको निर्णय नै थाहा भएन भन्ने विषयको जनप्रतिनिधिको पत्रकार सम्मेलनमा दिइएको अभिब्यक्ति बिवादास्पद हो । नगरपरिषद्मा आफैंले हस्ताक्षर गरेको छ तर, बाहिर सडकमा आन्दोलन सुरु भएपछि आन्दोलनकारी पक्षको सहानुभूति बटुल्नका लागि आफैंले गरेको निर्णय थाहा भएन भन्नु कति जायज होला ? नगरपरिषद्मा छलफलका लागि भनेर एक साताको म्याद दिएको छ र परिषद्ले पारित गर्ने सबै विषयबस्तु अध्ययनका लागि परिषद् सदस्यलाई उपलब्ध गराइएको हुन्छ । यदि निर्णय गर्ने, पारित गर्ने विषयबस्तु उपलब्ध गराइएन भने त्यसमा बहस गर्न सकिन्छ । तर, परिषद्मा बहुमत छ भन्ने दम्भ देखाएर आफैंले दस्तखत गरी पारित गरेको निर्णय मान्दिन भन्न मिल्दैन । जनप्रतिनिधिले सम्बेदनशीलता देखाउने कि हठात निर्णय गर्ने ? नगर परिषद्ले साबिक करको दरमा बृद्धि गरेको छ, त्यसबाट नगरबासी मारमा परेका छन् ।

भोलिका दिनमा ब्यवसायीले गोजीबाट कर तिर्ने होइन । त्यो उपभोक्ता लागत मूल्यमा जोडिने नै हो । आफूले तिरेको कर दुरुपयोग भएको छ कि छैन ? भनेर बहस गर्न सकिन्छ । स्थानीय सरकार पनि भन्ने र स्थानीय सरकार सक्षम बनाउने कुरामा पनि बिमति राख्ने हो भने यसलाई नगरबासीले कसरी बुझ्ने ? आन्दोलनरत् व्यवसायीले करवृद्धिको निर्णय फिर्ता लिनुपर्ने माग अघि सारेका छन् । आन्दोलनको नेतृत्व गरिरहेको मकवानपुर उद्योग वाणिज्य संघलाई उपमहानगरले बुधवार पत्र काटेर वार्तामा आउन आग्रह गरेको छ । उपमहानगरको नगरसभामा बहुमत रहेको नेकपा एमालेका बहुमत सदस्यले विशेष नगरसभा बोलाउन माग गरेका छन् । उपमहानगरले व्यवसायीलाई वार्तामा बोलाउने र नगरपरिषद्को बहुमत सदस्यले कानुनी व्यवस्थालाई टेकेर विशेष नगरसभा बोलाउन माग गर्दा थप अन्यौलता देखिएको छ । आन्दोलनमा रहेका व्यवसायीलाई ३२ साउन बिहान ८ बजे वार्तामा उपस्थित हुन उपमहानगरले पत्र काटेको छ । उपमहानगरले मउवा संघबाट ५ जना प्रतिनिधि उपस्थित हुन आग्रह गरेको छ । वार्ता कि विशेष नगरसभा भन्नेमा उपमहानगर अन्यौलमा परेको छ । यहाँनिर बहुमतको दम्भ देखिएको छ । उपमहानगरको साउन महिनामा करिव एक करोड रुपैयाँ राजश्व संकलन भइसकेको छ । भोलिका दिनमा करको दर संशोधन भएको खण्डमा कर तिरेका ब्यवसायीलाई बढेको रकम फिर्ता दिन पनि कानूनी झमेला हुनेछ । आन्दोलनरत व्यवसायीलाई वार्तामा बोलाइसकेपछि एमालेका सदस्यहरुले विशेष नगरसभा माग गरेकाले थप अन्यौलता भएको छ । नेकपा एमालेबाट निर्वाचित ९ जना वडाअध्यक्ष, ८ जना कार्यपालिका सदस्य र ३१ जना नगरसभासदस्य गरी ४८ जना (बहुमत) नगरसभा सदस्यले नगरप्रमुखसमक्ष विशेष नगरसभा बोलाउन बुधबार माग गरेका हुन् । हेटौंडा उपमहानगरका कुल ९४ जना नगरसभा सदस्यमध्ये एमालेकै ५४ जना छन् ।

करवृद्धिको विरोधमा विगत १० दिनदेखि मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, जिल्ला सहकारी संघलगायतका दुई दर्जन विषयगत व्यावसायिक संघसंस्था चरणबद्ध आन्दोलनरत छन् । बुधबार बिहान मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा व्यवसायीले उपमहानगरपालिका कार्यालयमा एक घण्टा धर्ना दिएका थिए । बिहीबार दुई घण्टा धर्ना दिने कार्यक्रम छ । हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलले अस्वभाविक करवृद्धि गरिएकोले नगरबासीमा असन्तुष्टि देखापरेको विषयलाई सम्बोधन गर्न आर्थिक ऐनमा व्यवस्था भएको करको दर र दस्तुर संशोधनका लागि विशेष नगरसभा आव्हानको माग गरिएको बताएका छन् । असारको पहिलो हप्तामा भएको १५ औं नगरसभामा करवृद्धिसम्बन्धी प्रस्ताव छलफलमै नल्याई गुपचुपमा पास गराइएको दाबी गरेका छन् । नगरपरिषदमा गुपचुपमै निर्णय पारित गर्न कति सम्भावना रहन्छ ? नगरसभाबाट पास हुने विषयमा ध्यान नदिनु आफूहरुको पनि कमजोरी रहेको वडाअध्यक्ष सिग्देलले बताएका छन् । उपप्रमुख बानियाँ संयोजक रहने राजश्व परामर्श समितिमा एमालेकै तीनजना वडाअध्यक्ष दीपक खड्का, सुनिल मोक्तान र जुना दाहाल सदस्य छन् । तीनजना वडाध्यक्षले राजश्व परामर्श समितिको बैठकमा करको दायरा बढाउने विषयमा छलफल भएको बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ३२ गते शुक्रबार १६ अगष्ट २०२४ । एकादशी, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३५, सूर्यास्त ६:३९ । पुत्रदा एकादशी

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : यात्राको लागि सुखद देखिन्छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : रमाइलोको समय रहेको छ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : शरीरमा समस्या देखिन सक्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : सानातिना अवरोध आइरहनेछ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# सरकार ! भ्रष्टाचारका जरै उखेल



✍ सागर पण्डित

देशमा सुशासनका जतिसुकै चर्का-चर्का भाषण गरिए पनि भ्रष्टाचार हुने क्रम रोकिएको छैन । राजस्व छली हुने क्रम घट्नुको साटो बढेको छ । अर्थ मन्त्रालय र राजस्व क्षेत्रमा कार्यरत उच्च अधिकारीहरुले नै वार्षिक झन्डै ६ खर्बसम्म राजस्व छली हुने गरेको डर लाग्दो तथ्य औंल्याएका छन् । यदि सरकारले राजस्व छलीलाई पूर्णरुपमा नियन्त्रण गर्न सक्ने हो भने देशको बजेट बनाउँदा विभिन्न खाले ऋण नै लिन नपर्ने अवस्था देखिन्छ । तर राजस्व छली रोक्न सरकारी निकायले उदासीनता देखाउनु आफैंमा उदेक लाग्दो छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो प्रमुख ध्येय नै मुलुकको विकास र आर्थिक समृद्धि बताउँदै आउनुभएको छ । तर विकास र आर्थिक समृद्धिको लागि मुलुकमा सुशासन कायम गर्नुपर्छ भन्ने तथ्यलाई उहाँले रातदिन स्मरण गर्न अत्यावश्यक छ । सरकारी संयन्त्रको पारा हेर्दा उनीहरु भ्रष्टाचार नियन्त्रणका लागि दत्तचित्त देखिन सकेका छैनन् । प्रधानमन्त्री ओलीले पनि सरकारका सबै निकायलाई भ्रष्टाचारमा शून्य सहनशीलता कायम गर्ने र सोही अनुसार व्यवहारमा अभियान सञ्चालन गर्न सशक्तरुपमा परिचालन गरेको देखिँदैन । समृद्धि भाषण गरेकै भरमा आउने विषय होइन । प्रधानमन्त्री ओली र उहाँको टिमले प्रस्टरुपमा बुझ्न जरुरी छ कि समृद्धिको अनिवार्य सर्त सुशासन र असल कार्य-संस्कृति हो ।

प्रधानमन्त्री ओली चौथोपटक सिंहदरबारमा इनिङ गरिसकेपछि उहाँले अब भ्रष्टाचार विरोधी छविलाई स्थापित गर्न सक्नुपर्छ । भ्रष्टहरु डराउने वातावरण सिर्जना गर्न सक्नुपर्छ । तर अहिले त्यस्तो वातावरण सिर्जना हुन नसकेको हो कि जस्तो देखिन्छ । शासकहरुको बोली र व्यवहारमा फरक देखिने विगतकै परम्परा अब दोहोरिनुहुँदैन ।

बोल्ने एउटा तर गर्ने अर्कै प्रवृत्तिले समृद्धिको साझा लक्ष्यमा गम्भीर प्रश्नचिह्न सिर्जना हुन सक्छ । विगतमा कैयौं सरकारको सुशासन देखाउने दाँतजस्तै हुँदा मुलुकको आर्थिक समृद्धिको मार्गमा अवरोध आइरहेको तथ्य जगजाहेर नै छ । राजनीतिक विश्लेषकहरुका अनुसार समकालीन विश्वमा आर्थिक समृद्धिमा चामत्कारिक प्रगति हासिल गर्दै आएको चीनले भ्रष्टाचारीहरुमाथि कठोर कदम चाल्न सक्नाले नै त्यस्तो प्रगति गर्न सकेको हो भने दक्षिण पूर्वी एसियाका मलेसिया तथा सिंगापुरजस्ता राष्ट्रले छोटो अवधिमा नै मुलुक्लाई कायापलट गराउन सक्नुको प्रमुख कारण पनि ती देशले अपनाएको विधिको शासनको कडाइपूर्वकको पालना र भ्रष्टाचारमा शून्य सहनशीलताको व्यावहारिक कार्यान्वयन नै हो। प्रधानमन्त्री ओलीले सुशासन र आर्थिक समृद्धि हासिल गर्न उनकै सारथी मन्त्री र स्थायी सरकारको रुपमा रहेको ब्युरोक्रेसीलाई भ्रष्टाचार गर्नबाट रोक्न सक्नुपर्छ । प्रधानमन्त्री स्वयंले पनि आफ्नो बोलाइ र गराइमा एकरुपता कायम गर्न सक्नुपर्छ ।

सुशासनको अवधारणाअनुसार सुशासन माथिबाट शुरु हुनुपर्छ । प्रधानमन्त्री, मन्त्री, सचिव र कार्यालय प्रमुखहरु नैतिकवान् र इमानदार हुन सके भने धेरै हदसम्म सुशासन कायम हुन सक्ने सुशासन क्षेत्रमा कार्यरतहरुको अनुभव छ । अर्थात् मुहान सफा भए त्यहाँबाट आउने पानी स्वत: सफा हुन्छ, तल धेरै सफा गरिरहनुपर्दैन भन्ने मान्यता पनि छ । यो मान्यतालाई विश्वास गर्ने हो भने प्रधानमन्त्री ओली, उहाँका मन्त्रीहरु र उहाँहरुमार्फत चल्ने प्रशासकहरुले एकीकृतरुपमा भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई जोडतोडका साथ व्यवहारमा उतार्न सके भने पक्कै पनि प्रधानमन्त्री ओलीले भनेजस्तै सुशासन, विकास र समृद्धिको ढोका चाँडै नै खुल्न सक्छ । तर मुलुकमा वर्षौंदेखिको आर्थिक अराजकता, छाडातन्त्र, कुशासन, अनुशासनहीनताका कारण मक्किँदै र खिया लाग्दै आएको सुशासन र समृद्धिको ढोका सहजै खुल्न भने कठिन देखिन्छ । त्यो ढोका स्थायीरुपमा खोल्न प्रधानमन्त्री ओली, उहाँका सारथी मन्त्रीहरु र ब्युरोक्रेसीको इमान आवश्यक पर्छ । तर विडम्बना, हामीकहाँ राजनीतिक विचार विज्ञानभन्दा जीव विज्ञानबाट चल्ने, डनवाद र धनवादले राजनीतिलाई प्रभाव पार्ने, सार्वजनिक प्रशासनलाई अति राजनीतीकरण गर्ने, सेवा प्रवाहमा ध्यान नदिने, न्याय प्रणाली सुलभ हुन नसक्ने अवस्था विद्यमान छ। जसका कारण राज्य कमजोर बनिरहेको छ भने आमजनतामा एक किसिमको निराशा छाइरहेको छ । यसतर्फ वर्तमान सरकार सचेत हुँदै बडो जिम्मेवारीका साथ जनताको उत्कट चाहना पूरा गर्ने बाटोमा इमानदारिताका साथ अग्रसर हुनुपर्ने अलिहेको अहं आवश्यकता हो। बारम्बार सुशासनको पाठ पढाउँदै आइरहनुभएका प्रधानमन्त्री ओलीले हालको कर्मचारीतन्त्रको प्रवृत्तिलाई राम्ररी मनन गर्दै सो प्रवृत्ति हटाउन दीर्घकालीन योजना र विशेष कार्यक्रम ल्याउनुपर्छ ।

स्थायी सरकारको रुपमा रहेको कर्मचारीतन्त्र भ्रष्ट र स्वार्थीहरुको जमातजस्तै बन्न पुगेको छ । जसका कारण यो पनि राजनीति जत्तिकै बदनाम बन्न पुगेको छ । प्रशासन लगभग कामै गर्न नसक्ने सुषुप्त अवस्थामा पुगेको विश्लेषण गर्न थालिएको छ । जेसुकै भए पनि कर्मचारीतन्त्रको विकल्प भने खोज्न सकिँदैन । यसको विकल्प भनेकै सक्षम, योग्य, पारदर्शी, जनताको काममा ध्यान दिने, सुशासनयुक्त कर्मचारीतन्त्र हो । प्रधानमन्त्री र अन्य मन्त्रीहरुमा दृढ इच्छाशक्ति, इमानदारिता र र नैतिकताको पारो बढाउन सक्ने हो भने नेपालको कर्मचारीतन्त्रमा पनि स्वत: सुधार आउनेछ ।

नेपाली ब्युरोक्रेसीलाई प्रणालीमा हिँडाउन सकियो भने यसबाट सजिलैसँग काम लिन सकिन्छ । यो समूहलाई निरन्तर खार्दै र जिम्मेवार बनाउँदै अगाडि लैजानुपर्ने आवश्यकता देखिन्छ । सिंगो प्रशासनयन्त्रमा आमूल परिवर्तन गराउन सक्नुपर्छ । अबको प्रशासनले सबैभन्दा पहिला जनताको भावना र मुटुमा स्पर्श गर्न सक्ने गरी काम गर्न सक्नुपर्छ । यसको लागि प्रशासक तथा कर्मचारीहरुले कार्यसम्पादन गर्दा समग्र राष्ट्र र जनताको बृहत्तर हित, समावेशीकरणको मान्यतालाई आत्मसात्, कानुनको शासन तथा कामकारबाहीमा पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता, इमानदारिता, आर्थिक अनुशासन एवं भ्रष्टाचारमा शून्य सहनशीलतालाई आत्मसात् गर्नुपर्छ । लोभलालच र विलासितालाई पुरै त्याग गर्न सक्नुपर्छ । सेवा प्रवाहलाई सरल, सहज र गुणस्तरीय बनाउन सक्नुपर्छ । जनताबाट आउने गुनासाहरुको तत्काल सम्बोधन गर्न सक्नुपर्छ । साथै सार्वजनिक प्रशासनलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनको मूल्य-मान्यताप्रति प्रतिबद्ध बनाउँदै जनताको सहभागितामा नै नीति-नियम बनाउने, सार्वजनिक सेवालाई बहुल सांस्कृतिक स्वरुपमा रुपान्तरण गर्ने र विविधताको व्यवस्थापन न्यायोचितरुपमा गर्ने, व्यावसायिक र सक्षम बनाउन सोहीअनुसारको योग्यता प्रणाली अवलम्बन गर्नुपर्छ । यसका लागि ओली सरकारले विशेष ध्यान दिन जरुरी छ ।

प्रधानमन्त्री ओली र उहाँको सरकारले प्रशासनयन्त्रलाई लक्ष्यअनुसार हिँडाउन सबै तहका निजामती कर्मचारीको नैतिकता, सदाचार, आचरण, अनुचित कार्य र भ्रष्टाचारजन्य क्रियाकलापको विरुद्ध निरन्तर अनुगमन गर्न जरुरी छ। अनुगमन गरी कमजोर नैतिकता, सदाचार र असल आचरण प्रदर्शन गर्न नसक्ने तथा अनुचित कार्य गर्ने कर्मचारीउपर कडा कानुनी कारबाहीको व्यवस्था गर्नुपर्छ भने उच्चस्तरका नैतिकता, सदाचार र असल आचरण देखाउनेलाई पुरस्कृत गर्ने व्यवस्था गर्नुपर्छ । वित्तीय अनुशासन कायम गर्न र जवाफदेही बनाउन उपयुक्त संयन्त्र बनाउनुपर्छ । सरकारका लक्षित नीति, योजना, बजेट, कार्यक्रम कार्यान्वयन गराउन प्रधानमन्त्री कार्यालयमा नै कार्यान्वयन संयन्त्र स्थापना गरेर कार्यान्वयन तहलाई सशक्त बनाउनुपर्छ । भ्रष्टाचारविरुद्ध हरेक कर्मचारीलाई संकल्प गराउन लगाउनुपर्छ । यसको लागि भ्रष्टाचारमा शून्य सहनशीलताको अभियानमा वास्तविकरुपमा लाग्ने गरी मन्त्रीहरूलाई पनि सोहीअनुसार हिँडाउनुपर्छ । भ्रष्टाचारविरुद्धमा कार्यरत ओभरसाइट एजेन्सीहरुलाई पनि शक्तिशाली र स्रोत-साधन सम्पन्न बनाउनुपर्छ ।

राजनीतिक नेतृत्वहरुले जहिले पनि आफ्नो जिम्मेवारीमा रहेको भित्रसम्मको बिजनेस के हो भन्ने कुराको गम्भीरतापूर्वक अध्ययन गरी बुझ्न सक्नुपर्छ । प्रधानमन्त्री, मन्त्रीहरु सानातिना कार्यक्रममा अल्झिन हुँदैन । उनीहरु योजना बनाउन, छलफल र बहस गर्नमा नै व्यस्त हुँदा उनीहरुकै लागि फाइदाजक हुनेछ । अहिले जतासुकै सरकारका विषयहरु सुनिएका मात्रै छन् । सरकारलाई जनताले सुने पनि सरकार के हो भनेर वास्तविक अनुभूत गर्ने गरी देख्न सकेका छैनन् । जनतालाई सरकारको अनुभूत गराउने कार्यमा राजनीतिक नेतृत्वले विशेष ध्यान दिएर प्रशासनलाई एक्सनमा लैजान सक्नुपर्छ ।

'द गभर्मेन्ट इन्टु एक्सन' भन्नेबित्तिकै सेवा प्रवाहको कुरा आउँछ । सेवा प्रवाह दिलाउने काम निजामती प्रशासन र अन्य सरकारी सेवाको हो । जनतालाई प्रदान गर्ने सेवाहरु, विकास प्रवाहको विषय, सुशासनको विषय, जवाफदेहिता, पारदर्शिता, यी सबै विषयले उच्च प्राथमिकता पाउनुपर्छ । विगतका शासकीय प्रणालीहरु असफल हुनुमा राजनीतिक नेतृत्वको अक्षमताका साथै कर्मचारीतन्त्रको अक्षमता पनि उत्तिकै कारण हो ।

हामीकहाँ सुधारका कार्यक्रमलाई कडाइका साथ एक्सनमा लैजान सक्ने मन्त्रीहरुको खडेरी नै छ । कुशासनको चक्रमा फसेका मन्त्रीहरुमाथि प्रधानमन्त्रीले कारबाही गर्न सकेको देखिँदैन । जनतालाई सबैभन्दा फ्रन्टलाइनबाट सेवा दिने भनेको स्थानीय तहले हो । तर जनतालाई सबैभन्दा नजिकबाट सेवा दिने स्थानीय तहलाई सुविधा सम्पन्न र साधन-स्रोत सम्पन्न बनाउन केन्द्रीय सरकारले नै बेवास्ता गरिरहेको छ । हाम्रा प्रशासकमा जिम्मेवारी लिँदै नलिने गम्भीर रोग छ । जिम्मेवारी पन्छाउने र सकेसम्म जोखिम मोल्नै नचाहने प्रवृत्ति हाबी छ ।

निर्णय गर्दा आफ्नो स्वार्थ हेर्ने प्रवृत्ति पनि उस्तै छ । को, कति मेरिट र क्वालिटीको छ भनेर छान्न राजनीतिक नेतृत्व असफल हुँदै आएको छ । यसपटक ओली सरकारलाई त्यस्तो असफलता हात पार्ने छुट छैन । तर दु:खका साथ भन्नुपर्छ, अहिले पनि दलालहरु र बिचौलियाहरुको सक्रियतामा कमी आएको छैन । विकासे अड्डा तथा विकास निर्माणका काममा कमिसनको खेल अहिले पनि उस्तै छ । सडक गुणस्तरीय छैन, पुल गुणस्तरीय छैन, हरेक कुरा गुणास्तरहीन छन् । प्रहरी प्रशासन आफैं अनियमितता र विकृतजन्य काममा संलग्न भइरहेका विषयहरु आइरहेका छन् । यस्ता प्रवृत्ति पूर्णरुपमा रोकिनुपर्छ ।

माथि नै स्पष्ट पारिएको छ कि राजस्व क्षेत्रमा भ्रष्टाचार व्याप्त छ । सामानहरुमा मिलेमतोमा नै न्यून मूल्यनङ्कन गरेर राष्ट्रलाई अर्बौं रुपियाँको ठगी गर्ने काम भइरहेको छ । भन्सारमा २ सय ५० मूल्याङ्कन भएका सामान बजारमा १० हजारभन्दा बढीमा बिक्री भइरहेको दु:खदायी अवस्था छ । भन्सार २ सय ५० कै तिर्ने, भ्याट २ सय ५० कै तिर्ने तर सामान १० हजामा बिक्री गर्नेजस्तो राजस्व ठगी गर्ने खतर नाक चरित्र अहिले पनि छ । राजस्व क्षेत्रमा ठूलो ब्रह्मलुट नै छ । उता राज्यबाट अर्बौं रुपियाँको ठेक्का पाएका निर्माण व्यवसायीले प्रभावकारी काम गर्न सकेका छैनन् । उनीहरु कसैसँग डराउँदैनन् ।

दलहरु र ठूला प्रशासकहरुलाई चन्दा दिएर र आर्थिक सहयोग गरेर आफ्नो बनाएका छन् । ठूला कर्मचारी र राजनीतिक नेतृत्वसँग उनीहरुको नेक्सस छ । यदि मुलुकका विकास र सुशासन कायम गर्ने हो भने अब मन्त्रीहरुले मात्रै होइन, सार्वजनिक निकायमा बस्ने सबै कर्मचारीहरु तथा पदाधिकारीले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने गरी कानुन तर्जुमा गर्नुपर्छ । अहिले सम्पत्ति विवरण बुझाउने मात्रै गरिन्छ तर गोप्य राख्ने गरी । त्यसको कुनै अर्थ छैन । सबै कर्मचारी, न्यायाधीश, प्रहरी, सेना, शिक्षक, जनप्रतिनिधिहरु, सार्वजनिक संस्थानका पदाधिकारी लगायत राज्यकोषबाट तलब खाने सबैको सम्पत्ति विवरण सार्वजनिक गरिनुपर्छ । मुलुकमा यदि साँच्चै नै सुशासन कायम गर्ने हो भने प्रमुख प्रशासनिक निकायको रुपमा रहेको सिंहदरबारबाट नै त्यसको थालनी गर्नुपर्छ । केन्द्रीय सिंहदरबार, प्रदेशको सिंहदबार र स्थानीय तहको सिंहदबारबाट भ्रष्टाचार नियन्त्रणको अभियान थाल्ने हो भने मुलुक समृद्ध हुन धेरै कुरिरहनुपर्दैन ।

भ्रष्टाचार रोक्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २४ सै घण्टा आफ्ना संयन्त्रलाई चलायमान बनाउनुपर्छ । सरकारले पनि अख्तियारलाई पूर्णरुपमा स्वतन्त्र राखेर भ्रष्टाचारविरुद्ध विगुल फुकाउन लगाउनुपर्छ । यसरी विगुल फुकाउँदा राजनीतिक नेतृत्वलाई पनि छानबिन गर्ने र भ्रष्टाचारी ठहरिए कारबाही गर्न सक्ने गरी अख्तियारलाई शक्तिशाली बनाउनुको विकल्प छैन । मुलुक हाँक्ने प्रमुख शासकहरुले के बुझ्न जरुरी छ भने, भ्रष्टाचार रोक्न सकिएमा शासन सत्ता र सञ्चालक स्वत: सफल हुनेछन् । यदि भ्रष्टाचार रोक्न सकिएन र यसको जरा फैलिँदै गयो भने त्यसले शासकहरुलाई नै पूर्णरुपमा असफल बनाइदिन सक्छ । शासकहरुको असफलतासँगै शासन प्रणाली पनि असफल हुन सक्छ । यो विषयलाई ओली सरकारले ठण्डा दिमागले सोच्नुपर्छ र भ्रष्टाचारको जरा फैलिन दिनुको साटो समयमा नै ती जराहरु उखेल्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# पढाइमा प्रविधि जोड्ने कसरी ?

✍ विद्यानाथ कोइराला

विद्यार्थीले ग्याजेट मन पराए, किताब छाडे । यो भाष्यले डिजिटाइजेसनको बुझाइ र प्रयोगमा बदलाव खोजेको छ । पढाइको अंग बनाउने तरिका वा विभिन्न प्रविधि-पुस्ताबीचको सहकार्य गर्ने तर्किबमा पनि परिवर्तन चाहेको छ । सबै प्रविधि-पुस्ताका शिक्षकलाई प्रविधि प्रयोगमा सक्षम बनाउन, पुस्तक र ग्याजेटलाई एक-अर्काका पूरक बनाउन, प्रविधि प्रयोगका समस्या चिन्न र सल्टाउन अब जरुरी छ ।

शिक्षामा प्रविधि जोड्नु नै डिजिटाइजेसन हो । प्रविधि डोको प्रविधि हो । ढकिया प्रविधि हो । हतासो प्रविधि हो । आरन प्रविधि हो । ढिकी प्रविधि हो । यिनलाई कक्षाकोठामा जोडे रैथाने प्रविधीकरण भन्न मिल्छ । सरस्वती माध्यमिक विद्यालय थैब ललितपुरले यो काम गरेको छ । यसको जानकारी 'मिनीनेपाल डट ओआरजी' मा पाइन्छ । खरिकादेवी पराजुलीको विद्यावारिधि शोधपत्र (सन् २०२३) मा हेरे पनि हुन्छ । त्यहाँ सर्वतोभद्रमण्डलम् अर्थात् वैदिक रेखीबाट गणित पढाउने तरिका छ । आँखीझ्याल तथा स्याखुबाट पनि माध्यमिक तहको रेखागणित, बीजगणित तथा अंकगणित एकसाथ पढ्ने/पढाउने उपाय छ । उनले त्यसमा कम्प्युटर एनिमेसन पनि जोडेकी छन् । पश्चिमी शब्दावलीमा इथ्नोम्याथ वा इथ्नोसाइन्स भन्ने गरिन्छ ।

पश्चिमी अर्थमा डिजिटाइजेसन भनेको कम्प्युटरसँग आधुनिक तथा अत्याधुनिक प्रविधि जोडेर पढ्ने/पढाउने तरिका हो । जस्तो: इन्टरनेट जोडेर फेसबुकबाट, भाइबर, ह्वाट्सएप, म्यासेन्जर, अगुमेन्टेड रियालिटीबाट । अर्थात्, सिकाइ र गराइ एकै ठाउँमा जोडेर । कृत्रिम बुद्धि (एआई) मार्फत पढाएर । एबिजियल बेली एउटा च्याटबोट हो । तिनलाई हेड टिचर भनिएको छ । उनले साउथ इंग्ल्यान्डको प्रधानाध्यापकलाई सघाउँछिन् । उनको सघाउने तरिका च्याट जीपीटीको जस्तै हो । एबिजियल बेलीका अतिरिक्त त्यहाँका मानव प्रधानाध्यापकले अरू शिक्षकसँग पनि सल्लाह लिन्छन् । यसबाहेक कृत्रिम बुद्धिको प्रयोगले विचारको संग्रह हुन्छ । लेखाइमा सहयोग पुग्छ । प्रोग्रामिम गर्न सहज हुन्छ । नयाँ शीर्षक खोज्न मिल्छ । अरूसँग सहयोग माग्न सकिन्छ । आफैं प्रयोग गर्न सकिन्छ ।

भर्चुअल रियालिटी डिजिटाइजेसनको अर्को तरिका हो । यो तरिकाले यथार्थलाई भर्चुअल्ली देखाउँछ । महावीर पुनले ठमेलको होटलमा नेपालका हिमालको भर्चुअल अनुभूति गर्ने प्रबन्ध यसैको उदाहरण हो । यसबाट पढ्न/पढाउन मिल्छ । त्यस्तै, मेटाभर्स अर्को तरिका हो । चस्मा लगाउने र चस्मामा भएको बटम थिचेर रेडियोको फ्रिक्वेन्सी मिलाएझैं मिलाउने । जे खोज्यो त्यो हेर्ने । समुद्र हेरे पनि, पहाड हेरे पनि । ब्लकचेन अर्को प्रविधि हो । यो प्रविधिमार्फत हामी डिजिटल लेजरको रेकर्ड गर्न सक्छौं ।

तथ्यांक ठीक छ वा छैन भनी हेर्न सक्छौं । अन्तर्राष्ट्रिय जगत्मा जोडिन्छौं । पारदर्शिता सुनिश्चित गर्छौं । सफ्टवेयर एप्लिकेसन अर्को प्रविधि हो । यसले वेब ब्राउजिङ, वर्ड प्रोसेसिङ, स्प्रडसिट, ग्राफिक डिजाइन, इमेल, मल्टिमिडिया प्लेब्याक, गेम, प्रोजेक्ट मेनेजमेन्ट, एकाउन्टिङ, प्रोजेक्ट मेनेजमेन्ट, सञ्चार आदि कार्यमा सघाउँछ । च्याट जीपीटी अर्को प्रविधि हो । यसले लेख्न/पढ्न सघाउँछ । च्याट जीपीटी मोडल ३.५ प्रयोग गरे संग्रहित तथ्यांक ट्रान्सक्राइब गर्न सजिलो हुन्छ । प्रत्येक तीन महिनामा बदलिने अहिलेको प्रविधिले के गर्छ के गर्दैन भन्न सकिन्न । खोज निरन्तर जारी छ ।

**कसरी सम्भव बनाउने ?**

एलन मस्कको सोचले भन्छ– दोहोरो संवाद हिजोको कुरा हो । अब सबैको सबैसँग संवाद हुने प्रविधि आउँछ । नेटवर्क नचाहिने । अन्तर्राष्ट्रिय मात्र हैन, अन्तरग्रहीय संवाद सम्भव छ । उनको स्टारलिंक स्याटेलाइट प्रविधिले दिने सन्देश यही हो । उनी भन्छन्– त्यो बेला मोबाइल पनि चाहिन्न । यो चिन्तन पछ्याउने हो भने हाम्रा अहिलेका भाष्य कथा हुन्छन् । अहिलेकै भाष्यलाई पछ्याउने हो भने पनि हामीसँग अनेक सम्भावना छन् । पहिलो, वाइफाई सुविधा भएका विद्यालय, कलेज, क्याम्पस तथा विश्वविद्यालय जोड्ने ।

यसैको विस्तारका रूपमा नेपाली डायस्पोरालाई ती संस्थासँग जोड्ने । अन्ततोगत्वा मन लागेका देशका विद्यालय, कलेज, क्याम्पस तथा विश्वविद्यालय पनि समेट्ने । विद्यार्थीका रुचिका उद्योग, व्यवसाय, बजार, संघसंस्था आदि जोड्ने । छिटफुट रूपमा यो काम भइरहेकै छ । यसलाई विस्तार गर्नासाथ हाम्रा कक्षाकोठा भर्चुअल कक्षा बन्छन् । पूरै कक्षामा त्यो सुविधा दिन नसकेमा विद्यालय, कलेज, क्याम्पस तथा विश्वविद्यालयको कुनै एउटा कोठालाई भर्चुअल कक्षा बनाउन सकिन्छ । आलोपालो विद्यार्थीले सिक्छन्, सिकाउँछन् । शोध गर्न गराउन सक्छन् ।

दोस्रो, वाइफाई सुविधा नभएका विद्यालय, कलेज, क्याम्पस तथा विश्वविद्यालयसँगको टेली लिंकेज गर्ने । यसका लागि टेलिफोन सुविधा भए पुग्छ । यस्ता ठाउँका विद्यालय, कलेज, क्याम्पस तथा विश्वविद्यालयका विद्यार्थीबीच टेलिफोन कक्षा चलाउन सकिन्छ । अहिले नेपाल टेलिकम्युनिकेसनले गरेजस्तो गरी फोन उठाउनासाथ शिक्षा दिने तरिका अपनाउन सकिन्छ । यसरी, कुनै बेला नुवाकोटमा दोहोरो संवाद हुने रेडियो शैक्षिक कार्यक्रम त्यसलाई निरन्तरता दिन सकिन्छ । तेस्रो, क्लोज सर्किट टेलिभिजनको प्रयोग । क्यामरा तथा मनिटर हुनासाथ यो काम बन्छ । यसको सहाराले घरैमा बसेर पढ्न मिल्छ, जाँच दिन मिल्छ । त्यहींबाट प्रसारण गर्न सकिन्छ । चौथो, रेकर्डेड क्लास । यसमा अडियो, भिडियो रेकर्ड गर्न सकिन्छ ।

पाँचौं, फेसबुक, भाइबर, मेसेन्जर, ह्वाट्सएप आदिबाट कक्षा लिने । डाटा तथा डाटाप्याकबाट मोबाइल चलाउने शिक्षकको तागत उपयोग गर्न सक्ने अर्को सम्भावना छ । पोर्टेबल राउटर पनि यसमा जोड्न सकिन्छ । यस्ता सोच बोक्नासाथ हामीसँग अनेकौं सम्भावना भेटिन्छन् । शिक्षकको मोबाइलले स्मार्टबोर्ड, ल्यापटप आदिको काम गर्छ भन्ने ज्ञान हुन्छ । छैटौं सम्भावना हो, इन्टिलिजेन्ट ट्युटरिङ सिस्टमको प्रयोग । यो प्रणालीमा के पढ्ने/पढाउने तरिका हुन्छ । यसरी पढेको कुरा जीवनमा कसरी प्रयोग गर्ने भन्ने पनि समावेश हुन्छ । हुन त यो विधि कृत्रिम बुद्धिसँग जोडिएको हुन्छ तर त्यसलाई हामी रेकर्डेड ट्युसन कक्षाका रूपमा प्रयोग गर्न सक्छौं । हिन्दीको मास्टर फिल्मको तरिका अपनाउन सक्छौं । परिणामत: गरिबी तथा कनेक्टिभिटीको समस्या उराल्नेहरूको स्वत: पराजय हुन्छ । दुर्गम तथा गरिब बस्तीका मधेश, पहाड तथा हिमालका कक्षाकोठा डिजिटाइज्ड हुन थाल्छन् ।

*(साभार: ई-कान्तिपुर)*

# नयाँ काम थाल्ने बेला पोहोरकै भुक्तानी माग्न कर्मचारीको दौडधुप

साझाकुरा संवाददाता

काठमाडौं/नयाँ आर्थिक वर्षको बजेट कार्यान्वयन थाल्नुपर्ने बेलामा पुरानै दायित्वले थिचेपछि विकासे मन्त्रालयका सचिव र सहसचिवहरु अर्थ मन्त्रालय धाइरहेका छन् । गत आर्थिक वर्ष २०८०/८१ मा विभिन्न मन्त्रालय र निकायबाट खर्च भइसकेर बिल बनिसकेका कार्यक्रम र आयोजनाहरुको भुक्तानी रोकिंदा ठूलो दायित्व चालु आर्थिक वर्ष २०८१/८२ का लागि सरेको छ ।

यस्ता धेरै चालु आयोजनामा ठेकेदारहरुले काम नै रोक्ने अवस्था आएपछि सडक विभाग, सिँचाइ विभाग, खानेपानी विभाग, शहरी विकास तथा भवन निर्माण विभागका अधिकारीहरु अर्थ मन्त्रालय पुग्ने क्रम बढेको हो । तर, गत असारमा पनि स्रोत अभाव देखाएर टारेको अर्थ मन्त्रालय अहिले पनि आश्वासन मात्रै दिएर फर्काइरहेको छ ।

हालै अर्थ मन्त्रालय पुगेर फर्किएका एक अधिकारी भन्छन्, ‘सरकारलाई स्रोतको समस्या भयो भने नयाँ योजनामा बजेट नै नराखेको भए हुने थियो, नयाँ आयोजनाको ठेक्काका लागि लागि तयारी थाल्नु कि चालु योजनाका रोकिएको भुक्तानीका लागि अर्थमा ताकेता गर्न दौडिनुभएको छ ।’

कर्मचारीले गरेको ताकेताले काम नगरेपछि यसै साता भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल सचिव केशवकुमार शर्मालाई लिएर अर्थ मन्त्रालयमा पुगेका थिए । भौतिक पूर्वाधार मन्त्रालयमार्फत गत आर्थिक वर्षमा भएको साढे ८ अर्ब रुपैयाँ अर्थ मन्त्रालयले भुक्तानी दिएको छैन । अर्थ मन्त्रालयका अधिकारीहरूले स्रोत खोजिरहेको भन्दै कुनै उपायमार्फत अघिल्लो वर्षको भुक्तानी गर्ने आश्वासन दिइरहेका छन् । तर, भौतिक पूर्वाधार मन्त्रालयका अधिकारीहरु आशावादी छैनन् ।

‘टुक्रे आयोजनाहरुमा छरिएको बजेटको विश्लेषण गरेर आयोजनाको पुन:प्राथमिकीकरण गरेर अर्थले रकमान्तर गराउने गृहकार्य गरेको सूचना पाएका छौं’, सडक विभाग एक अधिकारीले भने, ‘कहिलेसम्म भुक्तानी हुन्छ भन्ने अन्योल कायमै छ ।’




गत आर्थिक वर्षमा निर्माण भएका विभिन्न पुल, हुलाकी सडक र निर्वाचन क्षेत्र रणनीतिक सडक आयोजनाहरुको भुक्तानी रोकिएको छ । निर्माण व्यवसायीले सडक डिभिजन कार्यालय, सडक विभाग र भौतिक पूर्वाधार मन्त्रालयमा भुक्तानी छिटो गराइदिन ताकेता गरिरहेका छन् ।

‘नयाँ योजनामा काम गर्न सुरु गर्ने बेलामा भुक्तानी रोकिएका व्यवसायी आएर कार्यकक्षमै गनगन गर्छन्’, उनले भने, ‘अर्थले जतिसक्दो छिटो समस्या हल गरिदिए हुन्थ्यो ।’ खानेपानी मन्त्रालयले पनि गत आर्थिक वर्षमा भएको करिब १ अर्ब १० करोड रुपैयाँको कामको भुक्तानी पाएको छैन ।

खानेपानी तथा ढल निकास विभागका महानिर्देशक रामकुमार श्रेष्ठ अर्थ मन्त्रालयमा खानेपानी मन्त्रालयकै स्रोतबाट र कमान्तर गर्ने गरी फाइल पठाएको बताउँछन् । तर, निर्णय नहुँदा भुक्तानी हुन नसकेको उनले बताए । ‘बढीजसो खानेपानी आयोजनाहरुकै भुक्तानी रोकिएको छ, देशभरिकै आयोजनाहरु प्रभावित छन्’, उनले भने, ‘ठेक्का लागिसकेका आयोजनामा सुरुमा पर्याप्त विनियोजन नभएका कारण यो समस्या आएको हो, अर्थले समाधान खोज्दै होला ।’

वनले खानेपानी मन्त्रालयले मन्त्री र सचिवस्तरबाटै पनि समस्या समाधानका लागि पहल गरिरहेको बताए । उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको पनि करिब १ अर्ब ५० करोड रुपैयाँ भुक्तानी रोकिएको छ । मन्त्रालयका सहसचिव सुशील आचार्यका अनुसार बढीजसो चितवन र कर्णाली क्षेत्रका सिँचाइ आयोजना तथा भूमिगत सिँचाइ आयोजनाको भुक्तानी रोकिएका छन् । ‘मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा यसबारे छलफल हुन्छ’, उनले भने, ‘अर्थमा छलफल गर्दा उहाँहरु सकारात्मक हुनुहुन्छ, समाधान गर्ने पक्षमा नै काम हुँदैछ ।’

शहरी विकास मन्त्रालयको ५६ करोड भुक्तानी रोकिएको छ । मन्त्रालयका सहससचिव दिलीप भण्डारी आफूहरुलाई परेको समस्याबारे अर्थ मन्त्रालयमा लेखेर पठाएको बताउँछन् । ‘कसरी भुक्तानीका लागि स्रोत व्यवस्थापन गर्ने भन्ने निर्णय अर्थ मन्त्रालयले नै गर्नुपर्छ, रोकिएको भुक्तानी दिनैपर्ने भएकाले कुनै न कुनै निर्णय होला’, उनले भने ।

अर्थ मन्त्रालय स्रोतका अनुसार विकासे मन्त्रालय, शिक्षा, स्वास्थ्य र सञ्चार लगायत विभिन्न मन्त्रालयहरुका करिब १५ अर्ब रुपैयाँ भन्दा बढीको भुक्तानी रोकिएको छ । यस्ता भुक्तानी छिटो गराउन वैकल्पिक व्यवस्था गर्न अर्थ मनत्रालय छलफलमा छ ।

मन्त्रालयका एक अधिकारी बढी काम हुने आयोजनामा कम बजेट छुट्याइएकाले यस्तो अवस्था आएको बताउँछन् । ठेक्का लगाउनुअघि अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गरेपनि पर्याप्त बजेट विनियोजन नगरेका शीर्षकमा बढी खर्च हुँदा भुक्तानीमा समस्या पर्ने गरेको छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा सरकारले बजेटमार्फत आर्थिक वर्षको असोज मसान्तसम्म एवं असार महिनामा रकमान्तर र कार्यक्रम संशोधन नगर्ने घोषणा गरेको थियो । यसका कारण र कमान्तरका लागि फाइलको चाङ लागेपछि मन्त्रिपरिषद बैठकबाट नीतिगत निर्णय गरेर असारमा रकमान्तरको बाटो खोलिएको थियो । तर, अर्थ मन्त्रालयले आयोजनाहरु छानी-छानी रकमान्तरको निर्णय गर्दा असार मसान्तसम्म कतिपय आयोजनामा रकमान्तर हुनै पाएन ।

बजेटको घोषणा अनुसार हुने हो भने आयोजना कार्यान्वयनका लागि गत कात्तिक महिनाभित्र ठेक्का व्यवस्थापन गरिसक्नुपर्थ्यो । तर, कतिपय आयोजनाले समयमै काम गरेनन् भने विगतमा जभाभावी स्रोत सहमति दिएर ठेक्का लगाइएका आयोजनाहरुमा छुट्याइएको भन्दा बढी काम भएपछि सरकारले बजेट पुऱ्याउनै नसकेको हो । एकातिर कुनै आयोजनामा विनियोजन अनुसार काम नै नहुने समस्या छ भने अर्कोतिर विनियोजनभन्दा बढीको काम भएपछि रकमान्तर गर्नुपर्ने अवस्था आइरहेको छ ।

विगतमा अर्थ मन्त्रालयबाट बहुवर्षीय ठेक्का प्रणालीका लागि स्रोत सुनिश्चितताको पत्र लिएर ठेक्कामार्फत काम गरिरहेका आयोजनाले पनि भुक्तानी पाएका छैनन् । अर्थ मन्त्रालयका प्रवक्ता उत्तरकुमार खत्री अहिलेसम्म गत वर्षको कति खर्चको भुक्तानी रोकिएको हो भन्ने यकिन भइनसकेको बताउँछन् । ‘हामीले सबैलाई प्रक्रियाबद्ध रुपमा लेखेर पठाउन भनेका छौं, अवस्था हेरेर भुक्तानीका लागि सहजीकरण गर्छौं’, उनले भने ।

सरकारले आफूहरुले गरिसकेको कामको पनि भुक्तानी नदिएकाले अफठ्यारो भएको निर्माण व्यवसायीहरु बताउँछन् । निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह सरकारबाट तत्कालै भुक्तानी हुनुपर्ने रकम २२ अर्ब रुपैयाँ पुगेको दाबी गर्छन् । एउटा परियोजनाबाट भुक्तानी नआउँदा अर्को परियोजनाका लागि तरलताको अभाव भएर निर्माणको काम रोकिएको उनले बताए ।

परियोजना व्यवस्थापकहरुले बजेट सुनिश्चित नगरी पूर्वतयारी समेत नसक्दै ठेक्का लगाउँदा पनि समस्या भएको उनी बताउँछन् । ‘कर्मचारीहरुले अतिरिक्त पैसा नपाई निर्णय नगर्ने र कमजोरी नस्वीकार्ने गर्दा समस्या भयो’, अध्यक्ष सिंहले भने, ‘सरकारले भएको कामको समेत भुक्तानी दिँदैन, उल्टै निर्माण व्यवसायीहरुमाथि नै कारबाहीको डण्डा पनि चलाइन्छ ।’

*(स्रोत: अनलाइनखबर)*

# सौगात र प्रदीपमा को हो ‘पिताम्बर’ ?



काठमाडौं/अहिलेको समयका दुई सफल अभिनेता सौगात मल्ल र प्रदीप खड्का पहिलो पटक फिल्म ‘पिताम्बर’मा एकसाथ देखिँदैछन् । यी दुईको सहकार्यका कारण फिल्मप्रति दर्शकमा चासो बढेको छ । भदौको पहिलो साताबाट दोस्रो चरणको छायांकन गर्न लागिएको फिल्मका लागि यतिबेला दुवै ‘स्टार’ वर्कसपमा व्यस्त छन् । स्रोतका अनुसार, फिल्ममा उनीहरु एक्सन भूमिकामा प्रस्तुत हुँदैछन् ।

तर, शीर्ष भूमिका अर्थात् पिताम्बर को बन्छ भन्ने बारेमा निर्माण टिमले जानकारी गराएको छैन । बुधबार निर्देशक कृषा चौलागाइँले सौगात र प्रदीपसँगको एक तस्वीर सेअर गर्दै ‘पिताम्बर को हो ?’ भनेर प्रश्न गरेकी छन् । यसलाई रिलिजसम्म कौहुलताको विषय बनाउने उनको योजना देखिन्छ । सौगात र प्रदीप दुवैको राम्रो स्टारडम भएकाले ‘पिताम्बर’ सफल हुनसक्ने प्रक्षेपण गरिएको छ ।

यसमा आँचल शर्मा, सुरक्षा पन्त, अनुपविक्रम शाही, प्रमोद अग्रहरी, दिव्यदेव, सुपुष्पा भट्ट, कामेश्वर चौरासिया, गौरव विष्ट, विशाल पहारी आदिको पनि अभिनय रहनेछ । कलाकारहरुको यो रोचक ‘लाइनअप’ले फिल्मप्रति दर्शकलाई आकर्षित गर्न सक्नेछ । गत वर्ष पहिलो चरणको छायांकन नवलपरासीमा भएको थियो । जसमा सुरक्षासहितका कलाकारहरुको केही दृश्य खिचिएको थियो । केपी फिल्मस तथा पुरुषोत्तम प्रधान फिल्मसको संयुक्त सहकार्यमा निर्माण हुन लागेको ‘पिताम्बर’मा पुरुषोत्तम प्रधान छायाँकारमा छन् । विशाल चौलागाईं निर्मातामा छन् । प्रदीप भारद्वाजको लेखन र हेको फिल्मलाई निर्देशक चौलागाईंले लार्ज स्केल बनाउँदैछिन् । फिल्मको बजेट ५ करोड अनुमान गरिएको छ । यसअघि कृषाले गत वर्ष आएको ‘ऐंचो पैंचो’बाट निर्देशनमा डेब्यु गरेकी थिइन् ।

# माघ ११ गतेलाई ‘के घर के डेरा २’को रिलिज निश्चित

काठमाडौं/छायांकनरत फिल्म ‘के घर के डेरा: घर नम्बर २’को प्रदर्शन मिति घोषणा गरिएको छ । बुधबार निर्माताले आगामी माघ ११ गतेबाट फिल्मलाई रिलिन गरिने जानकारी गराए । फिल्मलाई यो मितिमा रिलिज गर्न लाग्नुको पछाडि माघ १६ गते सहिद दिवस र १७ गते सोनाम ल्होछारको विदा प्रमुख कारण हो । पहिला माघ ११ मा ‘अञ्जिला’ आउन लागेको थियो । तर, यो फिल्म पछाडि सरेको छ ।

नाग पञ्चमीदेखि छायांकन सुरु भएको ‘घर नम्बर २’मा आर्यन सिग्देल, खगेन्द्र लामिछाने, निश्चल बस्नेत, केकी अधिकारी, उपासना सिंह ठकुरी, प्रकाश घिमिरे, श्रृजना नापित, संजोग रसाइली, रुविना घिमिरे आदिको अभिनय छ । दीपेन्द्र के. खनालको निर्देशनमा बनिरहेको फिल्मले घरबेटी र डेरावालको कथालाई उठाएको जनाइएको छ । घरबेटीको भूमिकामा आर्यन देखिने स्रोत बताउँछ ।

‘कर्नाली ब्लुज’, ‘फिरफिरे’ जस्ता उपन्यासका लेखक बुद्धिसागरले यो फिल्म लेखेका हुन् । पहिलोपटक उनको लेखनमा फिल्म बन्न लागेको हो । शरद श्रेष्ठ, किरण महर्जन र राजिव श्रेष्ठ निर्माता रहेको फिल्ममा युवराज कार्की कार्यकारी निर्मातामा छन् । यो फिल्म २०७९ सालमा आएको ‘के घर के डेरा’को दोस्रो श्रृंखला हो । तर, पहिलो श्रृंखलाका कुनै पनि कलाकार यसमा दोहोरिएका छैनन् ।


## धितो सुरक्षण लिलाम विक्री गर्ने बारेको ७ दिने अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति: २०८१।०४।३१)

यस संस्थाको हेटौंडा शाखाबाट ऋणकर्जा कारोवार गर्ने तपशिलमा उल्लेखित बमोजिमका ऋणीहरुले उपभोग गरेको ऋणकर्जाको शर्त बमोजिम समयावधि भित्र कर्जाको बुझाउनु पर्ने साँवा व्याज नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लङ्घन गरेको र पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। अत: सूचना प्रकाशित गरिएको मितिले ७ दिन भित्र तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा व्याज तथा अन्य दैदस्तुर समेतको रकम चुक्ता गर्न गराउनु हुन सम्बन्धीत ऋणी जेथाजमानीकर्ता तथा व्यक्तिगत जमानी बस्ने महानुभावहरुलाई यसै सूचनाद्वारा सूचित गरिन्छ। उक्त अवधि भित्र कर्जा चुक्ता फर्छ्यौट नभएमा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा कर्जा लिँदाका बखत धितो सुरक्षण वापत लेखाई दिएको तपशिल बमोजिमको सम्पति जायजेथा जहां जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गरि संस्थाको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले उपरोक्त जायजेथाहरु खरिद गरि लिन ईच्छुक महानुभावहरुलाई तपशिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नु हुन यसै सूचनाबाट जानकारी गराईन्छ। साथै धितो सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणीको अन्य जायजेथाहरुबाट बाँकि लेना रकम असुल उपर गरिनुका साथै ऋणीहरुको नाम कर्जा सूचना केन्द्र लि. को कालो सूचिमा समावेश गर्न शिफारिस गरि पठाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

| ऋणी तथा धितो सुरक्षणको विवरण | व्यक्तिगत जमानीकर्ताहरुको विवरण |
| --- | --- |
| १. शाखा कार्यालय, हेटौंडा<br>(क) नाम: डम्बर ध्जव विश्वकर्मा<br>ना.प्र.नं. : १५/११६८० (जि.प्र.का. मकवानपुर)<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा वडा नं. ११<br>हालको ठेगाना: मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा वडा नं. ११<br>बुवाको नाम : हरि बहादुर बिश्वकर्मा<br>बाजेको नाम : जित बहादुर<br>(कर्जा शिर्षक : व्यक्तिगत कर्जा)<br>धितो सुरक्षण विवरण :<br>डम्बर ध्जव विश्वकर्माको नाममा रहेको मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ११ स्थित कित्ता नं. ८९५२ को क्षेत्रफल ०–२–०–० जग्गा। | व्यक्तिगत जमानी कर्ता :<br>नाम: टक्कु विश्वकर्मा<br>ना.प्र.नं : ३११०११/५६२६९ (जि.प्र.का. मकवानपुर)<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला, मकवानपुरगढी वडा नं. ४<br>हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा वडा नं. ११<br>बुवाको नाम : चन्द्र बहादुर कामी<br>बाजेको नाम : कमल विर विश्वकर्मा<br>पतिको नाम : डम्बर ध्वज विश्वकर्मा |

बोलपत्र सम्बन्धी शर्तहरु:

१. बोलपत्र फारम यस संस्थाको कमलादी स्थित केन्द्रिय कार्यालयबाट रु.१,०००/ तिरी प्राप्त गर्न सकिनेछ।
२. यो बोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८१/०५/०६ गते बिहीबार दिनको २:०० बजे यस संस्थाको केंद्रिय कार्यालय कमलादी, काठमाण्डौंमा सरकारी प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।
३. आफूले सकार गर्न चाहेको जायजेथाको बिवरण तथा आफूले कबोल गरेको रकम, अंक र अक्षरमा प्रष्टसंग उल्लेख गरी निवेदनको रुपमा संस्थामा दाखिला गर्नु पर्नेछ।
४. आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी रकम संस्थामा जम्मा गरेको भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
५. बोलपत्रदाताले संस्थाबाट लिलाम हुने चल अचल सम्पत्ति (धितो सुरक्षण) जहाँ जे जस्तो अवस्था र परिणाममा छ, सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
७. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र आफूले कबुल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षणमा रहेको चल/अचल सम्पत्ति आफ्नो जिम्मामा लिनु पर्नेछ।
८. अधिकतम अंक कबोल गरी बोलपत्र पेश गर्ने व्यक्तिलाई धितो सुरक्षण विक्री गरिने छ, तर सो अंकमा बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ।
९. धितो सुरक्षण सकार गरी नामसारी गर्दा लाग्ने मालपोत/तिरो, सम्पत्ति कर, राजश्व तथा लाभकर लगायत अन्य सम्पूर्ण पास खर्च तथा दैन्दस्तुरहरु लिलाम सकार गरि लिनेलेनै व्यहोर्नु पर्नेछ।
१०. बोलपत्र सम्बन्धी अन्य बिस्तृत जानकारी चाहिएमा संस्थाको हेटौडा शाखा कार्यालय वा काठमाण्डौ कमलादी स्थित केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत पत्र प्राप्त संस्था"
मुख्य कार्यालय : कमलादी, काठमाण्डौ
फोन नं.: ०१-४५४५८८५/०१-४५४५८८६
इमेल: info@nepalfinance.com.np वेभसाइट: www.nepalfinancelimited.com.np


# दुई नयाँ विमानस्थल रहेका सहरमा वैदेशिक रोजगारका सबै सेवा विस्तार गर्ने निर्णय

काठमाडौं/सरकारले दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थल रहेका सहर पोखरा र भैरहवामा वैदेशिक रोजगारसँग सम्बन्धित सबै सेवा विस्तार गर्ने निर्णय गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको पहलमा सरोकारवाला संघसंस्था र कार्यालयका प्रतिनिधि बैठकले यस्तो निर्णय गरेको मन्त्रालयका उपसचिव कविराज उप्रेतीले जानकारी दिए ।

उनका अनुसार गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई आवश्यक पर्ने सबै सेवा सुविधा सम्बन्धित विमानस्थलको पायक पर्ने स्थान र कार्यालयबाट उपलब्ध गराउने निर्णय भएको छ ।

वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिले स्वास्थ्य परीक्षण, पूर्वप्रस्थान अभिमुखीकरण तालिम, बीमा, श्रम स्वीकृति र भिसासँग सम्बन्धित कामका लागि काठमाडौं आउनुपर्ने अवस्था अन्त्य गर्न समेत हाल प्रदान गरिरहेको सेवा र सम्पादन गरिरहेका काम भैरहवा र पोखराबाट गर्ने गरी आवश्यक व्यवस्था मिलाउने निर्णय भएको छ ।

मोफसलमा दुई नयाँ विमानस्थल सञ्चालनमा आएको लामो समयसम्म पनि वैदेशिक रोजगारसँग सम्बन्धित कामका लागि काठमाडौंमै आउनुपर्ने बाध्यता थियो । यसले ती विमानस्थल सञ्चालनका लागि वायुसेवा कम्पनीले इच्छा देखाउन सकेका छैनन् ।



उता, सरकारले सोमबारको मन्त्रिपरिषद् बैठकबाट पारित गरेको यी दुई विमानस्थल सञ्चालन गर्ने कार्ययोजनामा समेत यो विषय समावेश रहेको बताइएको छ । श्रममन्त्रीको उपस्थितिमा बसेको बैठकले सामाजिक सुरक्षा कोष, वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान गरिने सेवा सम्बन्धमा सम्बन्धित कार्यालयले व्यवस्था मिलाउने निर्णय भएको छ ।

श्रम स्वीकृति लगायत सेवा सरल र सहज बनाउन वैदेशिक रोजगार विभागले आवश्यक व्यवस्था मिलाउने निर्णय भएको छ । भिसा सेन्टर स्थापनाका लागि परराष्ट्र मन्त्रालय मार्फत अनुरोध गर्ने निर्णय समेत श्रम मन्त्रालयले गरेको छ । ऐन, नियम कार्यविधिमा संशोधन वा निर्णय गर्नुपर्ने भए मन्त्रालयले अध्ययन गरी व्यवस्था मिलाउने निर्णय गरेको छ ।

श्रम मन्त्रालय अन्तर्गतका सेवा क्रमश: प्रदेश स्तरमा लैजान आवश्यक तयारी गर्ने निर्णय समेत भएको मन्त्रालयले जानकारी गराएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार सम्हाले लगत्तै यी दुई विमानस्थल सञ्चालन मोडालिटी सबै सरोकारवाला निकायसँग माग गरेका छन् ।

मन्त्रालय सञ्चालनमा गृह, पर्यटन, नागरिक उड्डयन प्राधिकरण, अर्थ, उद्योग, परराष्ट्र, रक्षा सहितका मन्त्रालय प्रथम सरोकारवाला निकाय हुन् । यसबाहेक विमानस्थलमा निजी क्षेत्रसमेत सरोकारवाला निकाय हुन् । यी दुई विमानस्थलमा वायुसेवा आकर्षित गर्न पर्यटन मन्त्रालयले विभिन्न प्रकारका छुट दिइरहेको छ । तर, आवश्यक यात्रु नहुँदा वायुसेवा कम्पनीहरू त्यहाँ जान मानिरहेका छैनन् ।

*(स्रोत: अनलाइनखबर)*


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमती प्रदेश प्रहरीको साढे ५ तले भवनको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङस्थित बागमती प्रदेश प्रहरी कार्यालयको नवनिर्मित प्रशासनिक भवनको बुधवार उद्घाटन भएको छ ।

बागमतीका मुख्यमन्त्री बहादुरसिं लामाले रिवन काटेर नयाँ भवनको उद्घाटन गरेका हुन् । प्रहरीको नयाँ प्रशासनिक भवन साढे ५ तले रहेको छ । भवन निर्माणका लागि प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ३ करोड तीन लाख रुपैयाँ र प्रहरी प्रधान कार्यालयले १७ करोड ६८ लाख गरी कुल २० करोड ५४ लाख रुपैयाँ उपलब्ध गराएको थियो । नयाँ प्रशासनिक भवनमा एक्सय ११ वटा कोठा छन् ।



हालसम्म प्रदेश सरकारले १३ जिल्लाका विभिन्न क्षेत्रमा ६२ वटा प्रहरी इकाइ भवनको निर्माण गरिसकेको छ भने ३ वटा प्रहरी इकाइ भवनको निर्माण कार्य सम्पन्न हुन बाँकी छ । आव २०७९/८० मा विनियोजित रकमबाट तेस्रो चरण अन्तर्गत ४ वटा प्रहरी इकाइ भवनको निर्माण कार्य धमाधम भइरहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । आव २०८०/८१ मा वागमती प्रदेश प्रहरी अस्पतालका लागि पनि टेन्डर आह्वानको प्रक्रिया अगाडि बढाइएको छ ।

मुख्यमन्त्री लामाले प्रहरी प्रशासनबाटै जनताले राज्यको प्रत्यक्ष अनुभूति गर्ने बताए । प्रहरीले नागरिकसँग गर्ने व्यवहारबाटै राज्यतर्फ नागरिकको धारणा तय हुने उनको भनाई छ । 'जनतालाई राज्यबाट दिन सकिने पहिलो सेवा नै प्रहरीसेवा भएकोले प्रहरी संगठन सेवाप्रवाहमा संवदेनशील बन्नुपर्ने हुन्छ' उनले भने । नवनिर्मित भवनबाट प्रदेशभर शान्तिसुरक्षा कायम गर्न प्रहरीलाई थप सहज हुने मुख्यमन्त्री लामाले विश्वास लिए ।

अपराध नियन्त्रण, प्रभावकारी अनुसन्धान, विपद्, उद्दार जस्ता जनमुखी प्रहरीसेवा प्रदान आधुनिक प्रहरी संगठनबाट मात्र सम्भव हुनेमा कुनै द्विविधा नरहेको लामाको भनाई थियो । मुख्यमन्त्री लामाले बागमती प्रदेश प्रहरीलाई व्यवस्थित बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।

आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानले संविधानमा व्यवस्था भए अनुरुपको अधिकारको प्रत्यायोजन अझै हुन नसकेको बताए । संघीयताको प्रभावकारी कार्यान्वयनको लागि प्रहरी समायोजन हुनुपर्ने उनको भनाई छ । मन्त्री लामिछानेले प्रदेश प्रहरीको बारेमा रहेको द्विविधालाई हटाउन राजनीतिक नेतृत्व जिम्मेवार बन्नुपर्नेमा जोड दिए । उनले प्रहरी संगठनलाई प्रविधिमैत्री बनाई अपराध नियन्त्रणमा लाग्नुपर्ने बताए । प्रदेश प्रहरीप्रमुख विष्णुबहादुर केसीले प्रहरी संगठनको भौतिक संरचना बलियो हुनुपर्ने बताए ।

# बालमैत्री घोषणाको तयारीमा ७ नम्बर वडा कार्यालय

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ हेटौंडा उपमहानगरपालिका-७ नम्बर वडा कार्यालय बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अन्तिम तयारीमा रहेको छ ।

१ भदौमा यस वडालाई औपचारिकरुपमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । मंगलबार वडा कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा वडाध्यक्ष दामोदर गौतमले १ गते शनिवार हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा बालमैत्री वडा घोषणा गरिने जानकारी दिए । वडाध्यक्ष गौतमका अनुसार नेपाल सरकारले तोकेका ५१ वटा सूचक पूरा गर्नुपर्ने थियो ।

यी सूचकमध्ये ४६ वटा सूचक शतप्रतिशत पूरा भएका छन् भने बाँकी ५ वटा सूचक आवश्यक न्यूनतम मात्रामा पूरा भएका छन् । वडाले बालमैत्री स्थानीय शासनका लागि आवश्यक सबै मापदण्ड पूरा गरेको उनले जानकारी दिए । वडाध्यक्ष गौतमले बालमैत्री स्थानीय शासन घोषणाका लागि वडाले पाँच प्रमुख क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेको जानकारी दिए । यी क्षेत्रमा बालबचाउ, बालसंरक्षण, बालविकास, बालसहभागिता र संस्थागत विकास पर्दछन् ।

बालसंरक्षणको क्षेत्रमा विशेष ध्यान दिइएको छ, जसमा बालविवाह, बालश्रम र बालदुर्व्यवहार विरुद्ध अभियान चलाइएका छन् । विद्यालय र समुदायमा यी विषयमा सचेतना कार्यक्रम पनि सञ्चालन गरिएका छन् । वडाध्यक्ष गौतमले बालबालिकाको महत्वबारे आफ्नो दृष्टिकोण व्यक्त गर्दै भने, 'बालबालिकालाई भोलिका कर्णधार मात्र नभई आजैका साझेदारको रुपमा विकास गर्न हामी प्रयत्नशील छौं' उनले बालमैत्री वडा घोषणापछि पनि यसको दिगोपनाका लागि निरन्तर काम गर्ने प्रतिवद्धता जनाए ।

वडाले २०८० वैशाख २५ गते पूर्णखोप, २०७३ भादौ ३० गते पूर्ण साक्षरता र २०६७ चैत्र २१ गते खुल्ला दिसामुक्त वडा घोषणा गरिसकेको वडाध्यक्ष गौतमले जानकारी दिए । हेटौंडा उपमहानगरको वडा नं ७ मा १८ वर्ष मुनिका १८ सय ९८ बालबालिका रहेका छन् । जसमध्ये १ हजार एक बालक र ८ सय ९७ बालिका छन् । यहाँ १० वटा बालसमूह र एक वडास्तरीय बालसञ्जाल गठन गरिएको छ, जसमा २ सय ५० जना बालबालिका आवद्ध छन् ।

विभिन्न संरचनागत समितिमा जम्मा २ सय ६२ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको वडाले जनाएको छ । वडाले बालबालिकाको विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । यहाँ दुईवटा विद्यालयमा बालविकास केन्द्र सञ्चालनमा छन् । विद्यालयमा छात्र-छात्राका लागि अलग-अलग शौचालय, सेनेटरी प्याड वितरण, र खेलकुद सामग्री वितरण गरिएको छ । वडाले बालबालिकाको क्षेत्रमा यसवर्ष मात्र २७ लाख १० हजार रुपैयाँ बजेट विनियोजन गरेको वडासचिव भैरवबहादुर कुमालले बताए ।

# जलन उपचार केन्द्र खोल्न हेटौंडामा राष्ट्रिय भेट्रान्स फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ हेटौंडामा जलन प्राथमिक उपचार (आगोले पोलेकाहरुको तत्काल उपचार गर्ने) केन्द्र निर्माणका लागि राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता आयोजना गरिने भएको छ ।



रोटरी क्लब अफ मकवानपुरको आयोजनामा २४ भदौदेखि ३१ गतेसम्म ८ दिन हेटौंडा-५, क्याम्पाडाँडास्थित पिप्लेक्याम्पा रंगशालामा 'तेस्रो रोटरी मकवानपुर पिप्ले क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता' हुने भएको हो । जलन प्राथमिक उपचारकेन्द्र अभियानलाई सहयोग जुटाउन २०७३ सालपछि प्रतियोगिता गर्न लागिएको रोटरी क्लबका अध्यक्ष अनिल अग्रवालले जानकारी दिए ।

उपचारकेन्द्र हेटौंडा अस्पतालभित्र सञ्चालनको तयारी भइसकेको अग्रवालले बताए । प्रतियोगिताको पिप्ले युवा क्लब सहआयोजक र सहकार्य रोटऱ्याक्ट क्लब अफ मकवानपुर रहेको छ । ४० वर्ष माथिका खेलाडीको भेट्रान्स फुटबल प्रतियोगितामा विजेतालाई २ लाख र उपविजेतालाई १ लाख राशी पुरस्कार छ । यसअघिको दुई संस्करणमा विजेतालाई १ लाख र उपविजेतालाई ७५ हजार पुरस्कार थियो ।

हेटौंडामा २०७२ र २०७३ मा क्रमशः प्रथम र दोस्रो राष्ट्रिय भेट्रान्स कप '८ ए' साइड फुटबल प्रतियोगिता आयोजना गरिएको थियो । दुवै संस्करण चितवन भेट्रान्स क्लबले जितेको थियो । विगतमा दुई संस्करण '८ ए' साइड प्रतियोगिता भएकोमा यसवर्ष '११ ए' साइड खेलाइने अध्यक्ष अग्रवालले जानकारी दिए ।

प्रतियोगितामा हेटौंडा भेट्रान्स क्लब, सिमरा भेट्रान्स क्लब, वीरगञ्ज एकाडेमी भेट्रान्स क्लब, निजगढ भेट्रान्स क्लब, पूर्वेली भेट्रान्स क्लब, फ्रिडम फाइटर भेट्रान्स क्लब, अभिषेक चर्च भेट्रान्स क्लब, रोटरी पिप्ले भेट्रान्सले सहभागिता जनाउने तय भएको छ । नागस्वती भेट्रान्स क्लब, नवजागृति भेट्रान्स क्लब, युनिटी भेट्रान्स क्लब, हरिवन भेट्रान्स, सानोगौचरण नाइटकिङ भेट्रान्स, चितवन भेट्रान्स र पोखरा भेट्रान्स क्लब पनि सहभागी हुने अग्रवालले जानकारी दिए ।

प्रतियोगितामा विधागत पुरस्कारअन्तर्गत उत्कृष्ट प्रशिक्षकलाई १० हजार, उत्कृष्ट खेलाडीलाई ५ हजार, उत्कृष्ट गोलरक्षकलाई ५ हजार, उत्कृष्ट डिफेन्डरलाई ५ हजार, उत्कृष्ट मिडफिल्डरलाई ५ हजार र उत्कृष्ट फरवार्डलाई ५ हजार नगद पुरस्कार रहेको छ ।

# हेटौंडाका बोम्जनलाई मिस्टर नेपालमा जिताउन अभियान

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ मिस्टर नेपाल २०२४ मा हेटौंडाका आयूष बोम्जनलाई जिताउन अभियान संचालन गरिएको छ । हेटौंडा उपमहानगरपालिका-१५ निवासी बोम्जनलाई 'मिस्टर नेपाल २०२४' प्रतियोगितामा विजयी गराउने उद्देश्यले अभियान संचालन गरिएको हो ।

टोल विकास संस्था समन्वय समिति हेटौंडा-१५ ले एक कार्यक्रमको आयोजना गरी अभियानको औपचारिक शुभारम्भ गरेको हो । 'मकवानपुर हेटौंडा नगरवासीको शान, मिस्टर नेपाल आयूष बोम्जन जिताऔं अभियान' भन्ने नाराको साथ अभियान सुरु गरिएको हो । टोल विकास समन्वय समिति हेटौंडा-१५ का अध्यक्ष सिंहबहादुर विश्वकर्माको अध्यक्षतामा आयोजित कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१५ का अध्यक्ष सुनिल मोक्तानले आयूष बोम्जनलाई मिस्टर नेपाल २०२४ को विजेता बनाउन सम्पूर्ण नगरवासीलाई एकजुट हुन आह्वान गरेका छन् ।

प्रतियोगितामा विजयी हुन प्रस्तुती र भोटिङ दुबैको महत्व रहने भएकोले अध्यक्ष मोक्तानले सबैलाई भोटिङ प्रक्रियामा सक्रिय सहभागिता जनाउन र आर्थिक सहयोग समेत गर्न अपिल गरे । कार्यक्रममा हेटौंडा उपमहानगर पालिका -१० का अध्यक्ष फुर्वादोर्जे लामा, वडा नं. ११ का अध्यक्ष जुना दाहाल, भीमफेदी गाउँपालिका-४ का अध्यक्ष सागर पाण्डे, युवा नेता सन्तोष चौलागाईं, आरती पाठक, नरेन्द्र भण्डारी, प्रेस चौतारी मकवानपुर का अध्यक्ष बालकृष्ण अधिकारी लगायतले आयूषलाई भोट गरेर जिताउन आग्रह गर्दै मकवानपुरको शान हाम्रो लागि गौरवको विषय हो भन्दै व्यापक अभियान नै सञ्चालन गरेर जिताउन सबै एकजुट हुनुपर्नेमा जोड दिए ।

आयूष भोटिङ राउण्डमा पुगेका छन् । मिस्टर नेपाल २०२४ प्रतियोगितामा आयूष बोम्जनको भोटिङ कोड ६ रहेको छ । भोट हाल्नका लागि ई-सेवा एप डाउनलोड गर्नुपर्नेछ । एपमा भोटिङ र इभेन्ट सेक्सनमा गएर 'मिस्टर नेपाल' को भोटिङ अप्सनमा गई कोड ६ छनोट गरेर भोट दिन सकिन्छ । प्रतियोगिताको आयोजक नेक्स्ट मोडल्स नेपालका अनुसार १८ देखि ३२ वर्ष उमेर समूहका युवालाई प्रतियोगितामा सहभागी हुने अवसर प्रदान गरिएको थियो । विजेताले मिस्टर वर्ल्ड २०२४ वा मिस्टर ग्लोबल २०२४ मा नेपालको प्रतिनिधित्व गर्ने अवसरका साथै नगद पुरस्कार र विभिन्न उपहार प्राप्त गर्नेछन् ।

हेटौंडाका आयूष बोम्जनलाई मिस्टर नेपाल २०२४ को ताज पहिऱ्याउने लक्ष्यका साथ स्थानीय समुदाय र जनप्रतिनिधि एकजुट भएका छन् । यो अभियानले आयूषको व्यक्तिगत सफलतालाई बढावा दिनुको साथै समग्र हेटौंडा र मकवानपुर जिल्लाको गौरव बढाउने अपेक्षा गरिएको छ ।

# एकता महिला समूहको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/रानी सामुदायिक वन उपभोक्ता समूह हेटौंडा-६ चौघडाद्वारा सञ्चालित एकता महिला आयआर्जन समूह मकवानपुरगढी-४ कालीखोलाको बुधवार चौथो वार्षिक साधारणसभा भएको छ । साधारणसभामा समूहकी अध्यक्ष गौरी सुवेदीले प्रगति तथा आर्थिक प्रतिवेदन पेश गरेकी छन् । समूहले महिलाको आर्थिक तथा सामाजिक र क्षमता अभिवृद्धि गर्ने काममा सफलता हासिल गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । समूहले ३ वर्षमा ४ लाखको कारोवार गरेको छ । समूहमा १७ जना महिला आवद्ध छन् ।

## कम्पनीको नाम परिवर्तन हुने सम्बन्धी सूचना !

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०४/२४ मा प्रा. मि नं. २०५९१२ मा दर्ता लुम्बिनी अल स्टार्स पा.लि. अंग्रेजीमा Lumbini All Stars Pvt.Ltd. को मिति २०८१/०४/२६ मा कम्पनीको एकल संस्थापकको विशेष साधारण सभा लगायत संचालक समितिबाट स्वीकृति प्राप्त भई साविकको नाम दर्ता लुम्बिनी अल स्टार्स प्रा.लि. अंग्रेजीमा Lumbini All Stars Pvt.Ltd. परिवर्तन भई **ड्रिम स्पोर्ट्स प्रा.लि.** अंग्रेजीमा **Drean Sports Pvt.Ltd.** हुने भएकोले यस नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण-धन कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

## HIMALAYAN LIFE

सुरक्षा अटल, भविष्य सबल

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरासमेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI०५१०००८५२७ | कृष्ण बहादुर कुशुवार | चन्द्रपुर-०२, रौतहट |
| २ | PLI१५१०००६८६३ | पार्वती सुबेदी | चपुर-०५, रौतहट |




सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पऱ्यो विदेश ?

हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिरनेरीको रुपमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

हाम्रो सुमो सेवाको



नयाँ प्रस्तुति...

Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन** Electric Van (EV) मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-वीरगञ्ज-हेटौंडा

सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालकः भेष खड्गी

हाम्रो सुमो सेवा

हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना